नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः-६४७ मिति २०७२/९/१

नेपाल राष्ट्र बैंक, वैकिङ्ग कार्यालय थापाथली, इजाजतपत्र प्राप्त "क" वर्गका सम्पूर्ण वाणिज्य बैंकहरु र "ख" वर्गका विकास बैंकहरु ।

विषय :- परिवर्त्य विदेशी मुद्रामा गरिने आयात प्रतितपत्र कारोवार सम्बन्धी इ.प्रा. परिपत्र संख्याः ५८० मा संशोधन ।

महाशय,

यस बैंकले मिति २०६९/५/१ मा जारी गरेको इ.प्रा. परिपत्र संख्याः ५८० को १३(४) मा भएको व्यवस्थालाई कार्यान्वयन गर्ने गराउने सम्बन्धमा देहाय बमोजिम हुने गरी संशोधन गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

"१३(४) ओजोन तहलाई नष्ट गर्ने पदार्थहरु :

(क) नेपालभित्र ओजोन तहलाई नष्ट गर्ने पदार्थहरुको पैठारी एवं उपभोगलाई नियन्त्रित गर्ने विषयको मिति २०५७ साल असोज ९ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचनाको खण्ड ३ मा सोही सूचनाको खण्ड १ को प्रकरण (क) र (ख) मा उल्लिखित ओजोन तहलाई नष्ट गर्ने पदार्थहरु ODS Refrigerant Gas (R-22 वा HCFC-22) को आयातका लागि प्रतितपत्र खोल्नु अघि नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको पूर्व अनुमति लिनुपर्ने छ ।

(ख) ओजोन तहलाई नष्ट नगर्ने पदार्थहरु Non-ODS Refrigerant Gas को आयातका लागि वाणिज्य बैंकहरु मार्फत प्रतितपत्र खोल्दा नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयको सिफारिस आवश्यक पर्ने छैन ।"

यस बैंकवाट मिति २०७२/३/४ मा जारी इ.प्रा. परिपत्र संख्याः ६३९ खारेज गरिएको छ ।

भवदीय,

(भिष्मराज ढुङ्गाना)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा ।
४. श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री विकास बैंक सुपरिवेक्षण विभाग ।
७. श्री वित्त कम्पनी सुपरिवेक्षण विभाग ।
८. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
१०. श्री सूचना प्रविधि विभाग ।
११. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाडौ ।
१२. श्री डेभलपमेण्ट बैंकर्स एशोसियसन, अनामनगर, काठमाडौ ।
१३. श्री नेपाल उद्योग वाणिज्य महासंघ, मिलन मार्ग, टेकु ।
१४ श्री नेपाल उद्योग परिसंघ, मिलन मार्ग, टेकु ।
१५. श्री विज्ञान प्रविधी तथा वातावरण मन्त्रालय : तहाँको मिति २०७२।७।१ को च.नं.१०३१ को पत्रको सन्दर्भमा